Ohio Statewide
Family Engagement Center
Every Child. Every Family. Every School.

# ओहायोका परिवारहरूका लागि डिस्लेक्सिआ स्रोत मार्गदर्शन



**विश्वभर ५ मध्ये १ जनालाई डिस्लेक्सिआ छ !**

## डिस्लेक्सिआ भनेको के हो ?

डिस्लेक्सिआ सबैभन्दा सामान्य अध्ययन असक्षमताहरू मध्ये एक हो। डिस्लेक्सिआ भएका मानिसहरूमा धेरै खूबीहरू हुन्छन्, तर उनीहरूमा पढ्न सिक्ने अप्रत्याशित समस्या हुन्छ। यी कठिनाइहरू व्यक्तिको बुद्धि वा प्रेरणासँग सम्बन्धित छैनन्। डिस्लेक्सिया भएका बच्चाहरूले पढ्न सिक्न सक्छन्, उनीहरूको दिमागले अलि फरक तरिकाले काम गर्छ। परिवार, आरम्भिक बाल्यावस्थाका शिक्षकहरू वा किन्डरगार्टेनका शिक्षकहरूले प्रायः सबभन्दा पहिले बालबालिकालाई विद्यालयमा कुरा गर्न वा सिक्न गाह्रो परेको ख्याल गर्नुहुन्छ। बच्चालाई डिस्लेक्सिआ हुनसक्ने सम्भावित लक्षणहरूमा ध्यान दिनु महत्त्वपूर्ण हुन्छ। डिस्लेक्सिआ भएका बालबालिकाले लक्षणहरूका कुनै पनि मिश्रण देखाउन सक्छन्। यद्यपि कुनै एक लक्षणले तपाईंको बच्चालाई डिस्लेक्सिआ छ भनेर अर्थ लगाउन मिल्दैन, यदि तपाईंलाई चिन्ताहरू लागेको छ भने, तपाईंका बच्चाको शिक्षकसँग कुरा गर्न महत्त्वपूर्ण हुन्छ।

## मेरो बच्चालाई डिस्लेक्सिआ हुनसक्ने सङ्केतहरू के-के हुन् ?

### प्रिस्कुल

- बोल्न सिक्नेमा ढिलाइ
- शब्दहरूको उच्चारण गर्न चुनौती हुनसक्छ ("स्पागेटी" भन्नुपर्नेमा "पुस्गेटी")
- निरन्तर "बच्चा बोली"
- आमाबुवा वा सहोदरहरूमा पठन समस्याहरूको इतिहास
- शिशु-कक्षाका बालगीत तथा लयहरू सम्झन गाह्रो हुन सक्छ
- अक्षर / सङ्ख्याहरू भन्न गाह्रो हुने
- ध्यानमा राख्न गाह्रो हुने कथाहरू भन्न

### किन्डरगार्टेन -दोस्रो ग्रेड

- अक्षर वा अक्षर-संयोजनहरू ध्वनिसँग नमिल्ने
- बिरालो, नक्सा र न्याप जस्ता सामान्य शब्दहरू निकाल्न उच्चारण गर्न गाह्रो हुने
- विस्तारै पढ्ने, शब्दहरू गलत तरिकाले पढ्ने वा अभिव्यक्तिविनै पढ्ने
- अघि/पछि, दायाँ/बायाँ, आदि जस्ता जोडीहरूमा भ्रम हुने।

### तेस्रो-पाँचौं ग्रेड

- शब्दहरू उच्चारण गर्न नसकेको कारणले तिनीहरूको अनुमान लगाउने
- यदि ठूलो स्वरमा पढियो भने पाठबारे प्रश्नहरूको उत्तर राम्ररी दिने
- शब्दहरू सही तरिकाले उच्चारण गर्न गाह्रो (जस्तै, "म्यागाजिन" को सट्टा "म्याजिजिन") हुने
- लेखन बारम्बार हिज्जेमा गल्ती गर्दै चुनौतीपूर्ण हुन सक्छ
- सरल छोटा शब्दहरू छाड्ने वा गलत पढ्ने

### छैठौं-बाह्रौं ग्रेड

- विस्तारै पढ्ने र दिक्क हुने; पढ्न मन नगर्ने
- प्रायः साना शब्दहरू छोड्ने वा ठूलो स्वरमा पढ्दा लामा शब्दहरूको अंश नै छोड्ने
- खाली ठाउँ भर्ने वा छोटो उत्तर भएका अन्य प्रश्नहरूभन्दा धेरै छान्ने उत्तर भएका प्रश्नहरूलाई प्राथमिकता दिने
- विदेशी भाषा सिक्नु चुनौती हुन सक्छ
- तथ्य, सूची वा निर्देशनहरू सम्झन गाह्रो हुन सक्छ

**जुन 2024**

THE OHIO STATE UNIVERSITY
CENTER ON EDUCATION AND TRAINING FOR EMPLOYMENT

## ओहायोमा बच्चालाई डिस्लेक्सियाका लक्षणहरूका लागि कसरी जाँच गरिन्छ?

ओहायोका विद्यालयहरूले किन्डरगार्टन वा पहिलो कक्षामा डिस्लेक्सियाका लक्षणहरू छन् कि भनी सबै बालबालिकाको जाँच गर्छन्। परिवारहरू (वा परिवारको अनुमति पाएका शिक्षक) ले कक्षा 1 देखि 6 मा पनि डिस्लेक्सिआ जाँचका लागि अनुरोध गर्न सक्छन्। तपाईंको बच्चाको जाँच गरिन्छ र विद्यालयले डिस्लेक्सिआका लक्षणहरू पहिचान गर्छ भने, तपाईंले आफ्नो बच्चाको विद्यालयबाट सूचना पाउनु हुने छ । तपाईंको बच्चालाई कक्षाकोठामा थप सहयोगका साथमा थप गहन स्क्रिनर दिइन सक्छ। यसलाई "संरचना गरिएको साक्षरता निर्देशन" भनिन्छ।"

तपाईं आफ्नो बच्चा डिस्लेक्सिआको जोखिममा छ कि छैन भनेर जान्न आफ्नो बच्चाको विद्यालयमा जाँच गरियोस् भनेर अनुरोध गर्न चाहनुहुन्छ भने नमूना जाँच अनुरोध पत्र फेला पार्न ओहायो राज्यव्यापी परिवार संलग्नता केन्द्र (Ohio Statewide Family Engagement Center) को वेबसाइटमा जानुहोस् ।

## मेरो बच्चालाई डिस्लेक्सियाको लक्षण भएको पहिचान गरियो भने विद्यालयमा के परिवर्तन हुने छ?

तपाईंको बच्चालाई डिस्लेक्सियाका लक्षणहरू छन् भन्ने शङ्का गरिएको छ भने विद्यालयले शैक्षिक विषयहरूमा कक्षाकोठामा सहायता उपलब्ध गराउने छ। डिस्लेक्सिआ भएका बच्चाहरू त्यही कक्षामा पढ्ने छन् जुन कक्षामा पहिले पढिरहेका थिए । तपाईंको बच्चालाई पढाइमा सहयोग गर्न विद्यालयले के गरिरहेको छ भन्ने बारेमा तपाईंलाई जानकारी दिने छ ।

डिस्लेक्सिया भएका धेरै विद्यार्थीहरू वा जसलाई डिस्लेक्सिया भएको शङ्का छ, उनीहरूलाई विशेष शिक्षा सेवाहरू आवश्यक पर्दैनन्। डिस्लेक्सिया भएका विद्यार्थीहरूलाई सहायता चाहिन्छ भने जुनसुकै बेला औपचारिक विशेष शिक्षा मूल्याङ्कन गर्न अनुरोध गर्न सकिन्छ। परिवारहरूले आफ्नो बच्चाका शिक्षक र/वा प्रधानाध्यापकलाई लिखित अनुरोध पठाएर विशेष शिक्षा प्रक्रिया थाल्न सक्छन् । नमुना मूल्याङ्कन अनुरोध पत्र फेला पार्न ओहायो राज्यव्यापी परिवार संलग्नता केन्द्रको वेबसाइटमा जानुहोस् । ओहायो शिक्षा तथा कार्यबल विभाग (Ohio Department of Education and Workforce) सँग परिवारहरूका लागि मूल्याङ्कन रोडम्याप छ, जुन विशेष शिक्षा प्रक्रिया सुरु गर्ने कुरामा संलग्न भएको चरणहरूको समयसीमा हो।

## मेरो बच्चा सङ्घर्ष गर्दै हुनुहुन्छ। म उनीहरूलाई घरमा कसरी मद्दत गर्ने ?

तपाईंको बच्चालाई नि:शुल्क र उपयुक्त सार्वजनिक शिक्षा प्रदान गर्नु विद्यालयको काम हो र तपाईं तथा तपाईंको परिवार तपाईंको बच्चाको विद्यालयको महत्त्वपूर्ण साझेदार हुनुहुन्छ । तपाईंले आफ्नो बच्चाको शिक्षकलाई विद्यालयले तपाईंको बच्चालाई के सिकाइरहेको छ त्योसँग मेल खाने घरमा के गर्न सकिन्छ भनेर विचारहरू माग्न सक्नुहुन्छ ।




## मैले मेरो बच्चालाई डिस्लेक्सिआबारे के भन्नुपर्छ ?

सकारात्मक रहन महत्त्वपूर्ण हुन्छ। प्रत्येक परिवारले आफ्नो बच्चासँग डिस्लेक्सियाका बारेमा कुराकानी गर्न फरक तरिका अपनाउने छ। तपाईंका लागि यहाँ केही सुझावहरू छन्:

- "हाम्रो मस्तिष्क मांसपेशीहरू जस्तै हो र हामीले त्यसको वृद्धिमा मद्दत गर्न प्रयोग गर्ने अभ्यास गर्नु पर्ने हुन्छ। म तिमीलाई माया गर्छु, म यहाँ मद्दत कै लागि छु र त्यसैगरी तिम्रा शिक्षकहरू पनि हुनुहुन्छ ।"
- "डिस्लेक्सिया भनेको तपाईंको मस्तिष्कलाई ध्वनिहरूसँग अक्षरहरू मिलाउन गाह्रो भएको हुन सक्छ। तिम्रा शिक्षकले तिमीलाई गाह्रो भइरहेको कुरामा तिमीसँग काम गर्नु हुने छ र हामी ती कुराहरूमध्ये केही घरमा पनि सँगै प्रयास गर्न सक्छौं ।"
- "तपाईंले विद्यालयमा कठिन समय कसरी बिताउनुभइरहेको छ भनी तपाईंलाई थाहा छ? म यस विषयमा तिम्रा शिक्षकहरूसँग कुरा गर्ने छु । हामी सबै फरक तरिकाले सिक्छौं । हामी तपाईंले कसरी राम्रोसँग सिक्नु हुने छ भनी पत्ता लगाउने छौं।"
- डिस्लेक्सिया भएका सफल व्यक्तिहरूका उदाहरणहरू सुन्नु बच्चा तथा वयस्कहरूका लागि प्रेरणादायी हुन सक्छ।

## म डिस्लेक्सिआ र ओहायो स्कूलहरूबारे थप जान्न कहाँ जान्न सक्छु ?

सधैं जस्तो, तपाईंको पहिलो तथा उत्कृष्ट स्रोत तपाईंको बच्चाको विद्यालय हो । ओहायोका हाम्रा शिक्षकहरूलाई सबै विद्यार्थीलाई सहयोग गर्न उत्कृष्ट निर्देशनात्मक रणनीतिहरूको तालिम दिइँदैछ । अरू उत्कृष्ट स्रोतहरू अन्तराष्ट्रिय डिस्लेक्सिआको ओहायो शाखा तथा Understood.org हुन् । तपाईं ओहायो विद्यालयहरूमा डिस्लेक्सियाका सहायताहरूका बारेमा सबैभन्दा नवीनतम मार्गदर्शन र स्रोतहरूका लागि ओहायो शिक्षा तथा कार्यबल विभागको वेबसाइटमा पनि हेर्न सक्नुहुन्छ। यदि तपाईंलाई आफ्नो बच्चाको विद्यालयमा काम गर्ने प्रक्रियाबाट गुज्रिरहेका अभिभावक/स्याहारकर्ताबाट अलि बढी सहयोग चाहिन्छ भने ओहायो अभिभावक परामर्शदाताहरूमध्ये एकजनालाई सम्पर्क गर्ने सोच बनाउनुहोस् ।

## स्रोतहरूका लिङ्कहरू

- बालबालिका तथा वयस्कहरूका लागि डिस्लेक्सिआसम्बन्धी किताबहरूको सूची
- नमूना डिस्लेक्सिआ परीक्षण अनुरोध
- डिस्लेक्सिआ भएको प्रसिद्ध व्यक्ति
- ओहायोका एक अभिभावकबाट प्राप्त डिस्लेक्सिआका चेतावनी लक्षणहरूका उदाहरणको सूची
- विद्यालयहरूले पालना गर्ने ओहायोको डिस्लेक्सिआ निर्देशन-पुस्तिका
- ओहायो डिस्लेक्सिआ सहायता कानुनहरू
- डिस्लेक्सिआ र संघीय विशेष शिक्षा कानूनबारे जानकारी
- ओहायो शिक्षा तथा कार्यबल विभागको डिस्लेक्सिया सहायता वेबपेज
- अन्तराष्ट्रिय डिस्लेक्सिया संघको ओहायो शाखाहरू
- ओहायो अभिभावक परामर्शदाताहरूको नक्सा

यो मार्गदर्शन निर्माण गर्न ओहायो शिक्षा तथा कार्यबल विभाग र ओहायो स्टेट युनिभर्सिटीको ओहायो राज्यव्यापी परिवार संलग्नता केन्द्रसँग सहकार्य गर्ने ओहायोका परिवार र शिक्षकहरूलाई विशेष धन्यवाद।

यो मार्गदर्शनको विद्युतीय संस्करण हेर्नgo.osu.edu/dyslexiaguide मा जानुहोस् ।